# कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रमः एक परिचय

कानेपोखरी गाउँपालिका मोरङ जिल्लाको बीच भागमा पर्दछ । वरिपरि नगरपालिकाले घेरिएको यस कानेपोखरी गाउँपालिकाको उत्तरी भागमा चारकोशे झाडी छ भने चारकोसे झाडीको बीच भागमा पूर्वपश्चिम राजमार्ग रहेको छ । यस गाउँपालिकाको उत्तरी भाग पूर्वपश्चिम राजमार्गभन्दा करिव ४ किलोमिटर उत्तरसम्म फैलिएको छ । कानेपोखरी गाउँपालिकाको धेरै जसो क्षेत्रहरु कृषि तथा पशुपालनको दृष्ट्रिकोणले उर्वर रहेको छ । प्रशस्तै जङ्गल, जलश्रोतहरु र उर्वर भूमि रहेकोले यस गाउँपालिका कृषि तथा पशुपालनको लागि उपयुक्त देखिन्छ । गाउँपालिका क्षेत्र भित्रको कुल ४,८२५ हेक्टर जमिनमा कृषि कर्म गर्न योग्य भएता पनि ४४०० हेक्टर जमिनमा मात्र खेतीपाती गरिएको देखिन्छ । यहाँ १० हेक्टर क्षेत्रफल वन तथा चरन क्षेत्रले ढाकेको छ । यस गाउँपालिका भित्र तीनवटा सामुदायिक वन करिब १,१०६.२५ हेक्टर क्षेत्रफलमा फैलिनुका साथै एउटा धार्मिक वन पनि रहेको छ । कुल सिँचित क्षेत्रफल ३,७९० हेक्टर रहेको यस गाउँपालिकामा मौसमी सिँचित ९४० हेक्टर तथा असिँचित जमिन १,१२३ हेक्टर रहेको छ ।

यहाँका मानिसहरुको मुख्य पेशा कृषि हो । कुल खेतीयोग्य जमिनको ७० प्रतिशत क्षेत्रफलमा धान, १० प्रतिशत क्षेत्रफलमा मकै, ५ प्रतिशत क्षेत्रफलमा गहुँ, १० प्रतिशत क्षेत्रफलमा दलहन बाली, २ प्रतिशत क्षेत्रफलमा तेलहन बाली, ३ प्रतिशत क्षेत्रफलमा तरकारी बाली तथा १ प्रतिशत क्षेत्रफलमा फलफुल खेती भईरहेको छ । साथै गाई तथा गोरू को संख्या ७,००० गोटा, भैंसी तथा राँगाको संख्या ६,००० गोटा, बोका/खसी/बाख्रा को संख्या ६,००० गोटा, सुँगुर/वंगुर १,५०० गोटा रहेको छ । पन्क्षीमा कुखुरा १,००,००० गोटा, हाँस १०,००० गोटा तथा माछा ५०,००० केजी रहेको छ ।

खेतीयोग्य जमिन, सिंचाईको उचित पुर्वाधार हुँदाहुँदै पनि कृषकहरुमा पर्याप्त प्राविधिक ज्ञानको अभाव, उन्नत विउविजनको अभाव, परम्परागत निर्वाहमुखी खेती प्रणाली तथा कृषिमा व्यवसायीकरणको अभाव, दिगो वजार व्यवस्थापनको समस्या, उत्पादनको मुल्यमा हुने उतारचढाव, यान्त्रीकरण, प्राविधिक सेवा आदिको अभावले गर्दा कृषकहरुले सोचे जस्तो प्रतिफल हासिल गर्न नसकेको अवस्था रहेको छ । कृषकहरु परम्परागत रुपमा धान, मकै, गहूँ वालीहरुमा मात्र अलमलिरहेको अवस्थामा नगदे वालीहरु जस्तैः तरकारी, फलफुल, दुध, मासु, च्याउ आदिको व्यवसायिक उत्पादनमा कृषकहरुलाई अभिप्रेरित गर्नु अत्यावश्यक रहेको देखिन्छ । संघीयताको कार्यान्वियन पश्चात् स्थानीय तहको स्थापना भई सो मातहतमा कृषि तथा पशु सेवा शाखाको व्यवस्था भए पनि पर्याप्त दक्ष जनशक्तिको अभावले कृषक लक्षित कार्यक्रम तयारी तथा कार्यान्वियनमा अपेक्षित प्रतिफल समेत नदेखिएको अवस्था रहेको छ ।

कृषि तथा पशुपालन क्षेत्रमा देखिएका यावत् समस्याहरुलाई समाधान गर्दै लैजानका लागि आर्थिक, सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुलाई कृषि तथा पशुपालनको माध्यमबाट आयआर्जनको दीर्घकालीन अवसर सिर्जना गरी जीवनस्तरमा सुधार तथा गरीबी निवारण गर्ने उद्देश्यले यस पालिकाले सरकारी/गैह्रसरकारी संघ संस्था/निजी क्षेत्रसँगको लागत साझेदारीमा दीर्घकालिन रुपमा कार्यक्रम तर्जुमा गरि लागू गर्न आवश्यक देखिएकाले आ.व. २०७७/०७८ बाट यो कार्यक्रमलाई अगाडि बढाएको छ ।

गायत्र श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०१/२७

### कानेपोखरी गाउँपालिकाको साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

कानेपोखरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्न आर्थिक वर्ष २०७७/७८ देखि शुरु गरी कार्य सम्पादनका आधारमा सम्झौता नविकरण हुने (बहुबर्षीय) गरी सञ्चालन गरिने कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालनका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैर-सरकारी संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्रमा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

**प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्नानुसार हुनुपर्नेछ ।**

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम सञ्चालनको अनुभव भएको ।
- स्वावलम्वन समुह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धी काम गरेको अनुभव भएको ।
- सामुदायिक विकास, जीविकोपार्जन सम्बन्धी कृषि तथा पशुजन्य क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्य श्रृङ्खलाको क्षेत्रमा कार्य अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि, पशु तथा पशुजन्य पदार्थ उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रबर्द्धनमा काम गरेको अनुभव भएको ।
- कृषि तथा पशु विकाससँग सम्बन्धित श्रोत पुस्तिका, प्रसार सामाग्री, वृत्तचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको ।
- कृषि तथा पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धी कार्य अनुभव भएको ।
- कृषि तथा पशु विकाससँग सम्बन्धित सम्भाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्य गरेको ।
- नेपाल सरकारका विभिन्न निकाय, प्रदेश सरकार वा स्थानीय तहसँगको साझेदारीमा काम गरेको अनुभव भएको ।
- साझेदारीमा कार्यक्रम सञ्चालनको कुल रकमको बढीमा ७५ प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने छ । परियोजनासँग सम्बन्धित सञ्चालन खर्च जस्तैः कर्मचारी व्यवस्थापन, तलब, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धित संस्थाले नै व्यहोर्नुपर्नेछ ।
- संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरी गाउँपालिकासँग नियमित समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**प्रस्ताव पत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि,
- आ.व २०७६/७७ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि,
- स्थायी लेखा नम्बरको (PAN No) प्रतिलिपि,
- आ.व २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- परियोजनाको प्राविधिक र आर्थिक प्रस्ताव कानेपोखरी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अनुसुची-१ बमोजिमको गाउँ कार्यपालिकाको कार्यालय वा वेवसाईटमा उपलब्ध हुने कार्यक्रम प्रस्तावको ढाँचामा भरी छुट्टा-छुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ ।
- संयुक्त उपक्रममा प्रस्ताव पेश गर्न इच्छुक संस्थाको हकमा सम्बन्धित संस्थाको लगानीको प्रतिशत समेत खुल्ने सम्झौता पत्रको सक्कल प्रति



गायत्र श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**साझेदारीका अन्य शर्तहरु:-**

१. कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कानेपोखरी गाउँपालिकाले तोकेको क्षेत्रमा साझेदारी संस्थाको गाउँ कार्यपालिकाबाट स्वीकृत मोडालिटी अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

२. कार्यक्रम सञ्चालनको अवधिमा गाउँपालिकाले कार्यक्रमको कार्यसम्पादनमा उत्कृष्ट ठहरे नगरेमा जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ, तर सम्झौताहरु रद्द गर्नु अगाडी साझेदार संस्थालाई सफाइको उचित मौका भने दिनुपर्नेछ।

३. कार्यक्रम सञ्चालनको अवधिमा अनुगमन वडा र पालिका स्तरीय अनुगमन समितिले अनुगमन गर्नेछ।

४. सम्झौतामा उल्लेख नभएका अन्य विषय तथा कार्यक्रम सञ्चालनको अवधिमा देखिएका समस्याहरु आपसी सहमतिमा समाधान गर्न सकिनेछ र आपसी समझदारी हुन नसकेका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

५. कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले व्यहोर्नुपर्ने ७५% को रकमका लागि पहिलो आर्थिक वर्षमा रु. २५,००,०००/- (अक्षरेपी पच्चीस लाख मात्र) बरावरको रकम व्यहोर्ने छ भने बाँकी २५% रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नुपर्नेछ।

६. कार्यक्रम सञ्चालनको भुक्तानी कार्य सम्पादन प्रगति विवरण पश्चात अनुगमन समिति प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन र गाउँ कार्यपालिकाको बैठकबाट भुक्तानी दिनका लागि भएको निर्णय समेतको आधारमा प्रचलित कानून बमोजिम हुनेछ।

**आवश्यक जनशक्तिको संख्या र योग्यता:**

| क्र.स | पद | तह | योग्यता | परिमाण | पदको प्रकृति |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा न्यूनतम स्नातक उपाधि प्राप्त गरी सो क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको। | १ जना | पुर्णकालीन |
| २ | प्राविधिक आधिकृत | अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा न्यूनतम स्नातक उपाधि प्राप्त गरेको। | १ जना | दुईमध्ये कुनै एक पदमा पुर्णकालीन तथा एकमा आंशिक समयका लागि कर्मचारी हुनुपर्नेछ। |
| ३ | पशु चिकित्सक | अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञानको विषयमा न्यूनतम स्नातक उपाधि प्राप्त गरेको। | १ जना | |
| ४ | प्राविधिक सहायक | सहायक पाँचौ | कृषि वा पशुपालनको विषयमा न्यूनतम आई.एस्सी.एजी उतीर्ण गरेको | १ जना | पुर्णकालीन |
| ५ | नायव प्राविधिक सहायक | सहायक चौथो | कृषि वा पशुपालनको विषयमा न्यूनतम जे.टि.ए उत्तीर्ण गरेको। | १ जना | पुर्णकालीन |
| ६ | सम्पर्क व्यक्ति | सहायक चौथो | कृषि वा पशुपालनको विषयमा न्यूनतम आई.एस्सी.एजी उत्तीर्ण गरेको वा अन्य विषयमा न्यूनतम स्नातक उत्तीर्ण गरी सो क्षत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको | १ जना | पुर्णकालीन |
| ७ | युवा उद्यम सहजकर्ता | सहायक चौथो | प्रवेशिका परीक्षा उत्तीर्ण गरी सिटिईभिटीवाट सम्बन्धन प्राप्त संस्थाहरुवाट उद्यम विकास सम्वन्धी १२ महिने तालिम उत्तीर्ण गरेको | १ जना | पुर्णकालीन |
| ८ | सामाजिक परिचालक | सहायक चौथो | सामाजिक परिचालकको न्युनतम योग्यता मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा कक्षा १२ वा सो सरह उतीर्ण वा प्रवेशिका परीक्षा उतीर्ण गरी सिटिईभिटीवाट सम्वन्धन प्राप्त संस्थाहरुवाट सामाजिक परिचालन सम्वन्धी १२ महिने तालिम उत्तीर्ण गरेका | ४ जना | पुर्णकालीन |
| | जम्मा | | | ११ जना | |



गायत्रि श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**कार्यक्रमको बजेट विवरणः**

**प्रस्तावित ३ वर्षको विवरण**

| क.स | काम/सेवाको विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कुल लागत |
|---|---|---|---|---|---|
| | सेवा खर्च शिर्षक | अनुमानित लागत | | | |
| १ | २ | ३ | ४ | ५ | |
| | **साझेदार संस्था** | | | | |
| क. | व्यवस्थापकीय खर्च | २२५००० | ६००००० | ७००००० | १५२५००० |
| ख. | कर्मचारीको पारिश्रमिक | ४००००० | २८००००० | ३०००००० | ६२००००० |
| ग. | प्राविधिक सेवा, मुल्याङ्कन तथा कार्यक्रम प्रतिवेदन खर्च | १५०००० | ७५०००० | ८५०००० | १७५०००० |
| | भ्रमण खर्च | ७५००० | ४००००० | ४५०००० | ९२५००० |
| | तालिम खर्च | ० | ६००००० | ० | ६००००० |
| | जम्मा लागत | ८५०००० | ५१५०००० | ५०००००० | ११०००००० |
| | **कानेपोखरी गाउँपालिका** | | | | |
| १ | पशु नश्ल सुधार कार्यक्रम | ३००००० | ५५००००० | १५००००० | ७३००००० |
| २ | पशु स्वास्थ्य सेवा कार्यक्रम | ४००००० | २५००००० | ८००००० | ३७००००० |
| ३ | दुग्ध विकास कार्यक्रम | २५०००० | ३५००००० | ७००००० | ४४५०००० |
| ४ | बागबानी विकास कार्यक्रम/माटो सुधार कार्यक्रम | ४५०००० | ४५००००० | २२००००० | ७१५०००० |
| ५ | च्याउ खेति/मौरीपालन कार्यक्रम/ कृषि यान्त्रिकरण | ७००००० | ३५००००० | १८००००० | ६०००००० |
| ६ | कृषकस्तरीय तालिम | ४००००० | ३८००००० | ३०००००० | ७२००००० |
| ङ | **जम्मा लागत** | २५००००० | २३३००००० | १०००००००| ३५८००००० |
| च | **कुल लागत अनुमान** | ३३५०००० | २८४५०००० | १५०००००० | ४६८००००० |

**सम्पर्क व्यक्तिः**

**नामथरः गायत्र श्रेष्ठ**

**पदः प्रमुख प्रशासकीय अधिकृत**

**मोबाईल नं.: ९८५२०३८४०६**



Scanned with CamScanner

अनुसूची-१

**भाग १: प्राविधिक प्रस्तावना**

१. परियोजनाको नामः

२. पृष्ठभूमि (प्रस्तावको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य):

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवारः

४. परियोजनाको लक्ष्य र उद्देश्यः

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन):

६. परियोजनाको कार्यान्वयन विधिः

७. परियोजनाका क्रियाकलापहरुः

८. परियोजनाको व्यवस्थापनः

(क) व्यवस्थापन संरचनाः

(ख) संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने):

(ग) प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षर सहित अनुसूचीमा राख्ने)

(घ) परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र

(ङ) मानवीय संशाधन परिचालन

(च) परियोजनाको समयावधि

१. प्रतिवेदनः

९. अनुगमन तथा मूल्याङ्कनः

१०. परियोजनाको पारदर्शिताः

११. परियोजनाको दिगोपनाः

१२. परियोजना हस्तान्तरणः

१३. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने):

**भाग-२ आर्थिक प्रस्तावना**

(क) परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)

(ख) कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)

(ग) अन्यः

**भाग ३: प्राविधिक प्रस्तावना साथ पेश गर्नुपर्ने कागजात**

१. संस्थागत विवरण (पृष्ठभूमि सहित)।

२. संस्थाका कार्यानुभव पत्रहरु।

३. संस्थाले सहकार्य गरेका दातृ निकायहरु।

४. संस्थाको दर्ता, नवीकरण, आवद्धता र स्थायी लेखा नम्बर।

५. पछिल्ला २ वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता।

६. संस्थाका कानुनी दस्तावेजहरु (विधान, प्रबन्धपत्र, विनियम, नीति, नियमावली, रणनीति, आदि)।

७. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात।

८. संयुक्त उपक्रम (Joint Venture) मा प्रस्तावना पेश गर्ने भएमा संस्थाहरुको भूमिका स्पष्ट खुल्ने कागजात।

९. प्रस्ताव पेश गर्ने अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि।



गायत्री श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner